लोक सेवा आयोग

# हेटौंडा कार्यालय

हेटौंडा, मकवानपुर


## सहायक कम्प्युटर अपरेटर पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना ।

**सूचना नं. १७५/०८०-८१ , मिति २०८१/०२/२१**

लोक सेवा आयोग, हेटौंडा कार्यालयको विज्ञापन नं. **१२५५९/०८०-८१(खुला)**, रा.प.अनं द्वितीय श्रेणी (प्राविधिक), विविध सेवा, सहायक कम्प्युटर अपरेटर पदमा **हेटौंडा परीक्षा केन्द्र** राखी दरखास्त फाराम स्वीकृत भएका सम्पूर्ण उम्मेदवारहरुको प्रतियोगितात्मक लिखित परीक्षा पूर्व प्रकाशित कार्यक्रम अनुसार निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरुले सहयोगी लेखक माग गर्नु पर्ने कारण र प्रमाण सहितका कागजात संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा शुरु हुने मिति भन्दा १०(दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ ।** परीक्षार्थीहरुले अनिवार्य रुपमा पालना गर्नुपर्ने विषयहरु द्रष्टव्यमा उल्लेख गरिएको छ ।

### परीक्षा कार्यक्रम

| पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | समय अवधि |
|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सार्वजनिक व्यवस्थापन (General Awareness & Public Management) र सेवा सम्बन्धित कार्य–ज्ञान (Job Based - knowledge) | बस्तुगत (Objective) | २०८१/०३/०८ गते दिनको १:०० बजे | ४५ मिनेट |
| द्वितीय | सेवा सम्बन्धित कार्य-ज्ञान (Job Based Knowledge) | विषयगत (Objective) | २०८१/०३/०८ गते दिनको २:३० बजे | २ घण्टा १५ मिनेट |

### परीक्षा भवन

| क्र.सं. | उम्मेदवारहरुको रोल नं. | परीक्षार्थी संख्या | परीक्षा भवन |
|---|---|---|---|
| १ | हेटौंडा परीक्षा केन्द्र राखेका सम्पुर्ण उम्मेदवारहरु । | ९६ र बाँकी सबै | श्री मकवानपुर बहुमुखी क्याम्पस, हेटौडा । |

**द्रष्टव्य :**

क) परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन ।

ख) प्रवेश-पत्र बिना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित गराईने छैन । साथै परीक्षार्थीले परीक्षामा सहभागी हुन आउँदा नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयवाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै प्रमाणपत्र लिई उपस्थित हुनुपर्नेछ ।

ग) परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ ।साथै वस्तुगत उत्तरपुस्तिकामा सिसाकलम प्रयोग गर्न पाइने छैन ।

घ) वस्तुगत बहुउत्तर (Multiple Choice) भएका प्रश्नको उत्तर अंग्रेजी ठूलो अक्षर (Capital Letter) मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ ।

ङ) परीक्षा शुरु हुनु भन्दा १ घण्टा अगाडी परीक्षा केन्द्रमा आईपुग्नु पर्नेछ ।

च) परीक्षा भवनमा मोबाईल तथा बिद्युतीय सामाग्री निषेध गरिएको छ । परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन ।

छ) परीक्षार्थीलाई तोकिएको परीक्षा केन्द्र बाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराईने छैन ।

| | | |
|---|---|---|
| (प्रकाश अधिकारी)<br>नायब सुब्बा | (सुरेश साह)<br>कम्प्युटर अपरेटर | (बद्रीनाथ सापकोटा)<br>शाखा अधिकृत |